जनकपुर धनुषा
फोन : ०४१४२६६२९
फ्याक्स : ०४१–४२६२७७
पो.व.. १४
Email:nrbjnp@nrb.org.np
Web Site : www.nrb.org.np

नेपाल राष्ट्र बैंक
जनकपुर कार्यालय

पत्रसंख्या :-जन.आ.प्र./ /खरिद/०७९/८० मिति :- २०७९/०७/१८

श्री अल्का कन्स्ट्रक्सन,
जनकपुरधाम, धनुषा ।

विषय : - सम्झौता गर्न आउने सम्बन्धमा ।

महाशय,

यस कार्यालयले पहिलो पटक मिति २०७९/०५/२४ गते र दोस्रो पटक मिति २०७९/०६/१३ गते प्रकाशन गरेको सूचना अनुसार यस कार्यालयको डिप बोरिङ्गको प्लम्विङ्ग तथा मोटर जडान सम्बन्धी कार्यको लागि विद्युतीय माध्यमबाट पेश हुन आएका बोलपत्रहरु मध्ये त्यस फर्मले पेश गरेको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले त्यहाँबाट पेश भएको दरभाउपत्र स्वीकृत गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिन भित्र मूल्य अभिवृद्धि कर सहितको कबोल अंक रु. ४,२५,१६२।५० (अक्षरेपी चार लाख पच्चिस हजार एक सय बैसट्ठी पैसा पचास मात्र) को पाँच प्रतिशतले हुने रकम रु. २१,२५८।१३ (अक्षरेपी एक्काइस हजार दुई सय अन्ठाउन्न पैसा तेह्र मात्र) र सार्वजानिक खरिद ऐन (पहिलो संसोधन), २०६३, नेपाल राष्ट्र बैंक खरिद विनियमवाली, २०७१ (चौथो संसोधन २०७७ समेत मिलाइएको) को विनियम १०२(२) तथा दरभाउपत्रको दोस्रो सेक्सन (दरभाउपत्रदातालाई दिएको निर्देशन) को बुँदा नं. २५ बमोजिम थप रु. १६,७९५।९८ (अक्षरेपी सोह्र हजार सात सय पन्चानव्वे पैसा अन्ठानव्वे मात्र) गरी जम्मा रु. ३८,०५४।११ (अक्षरेपी अट्तिस हजार चौवन्न पैसा एघार मात्र) मा नघटाई यस कार्यालयको स.क्रे.हि.खाता (१६०९९९९/०११/००१/५२४) मा रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त वाणिज्य बैंक वा अन्य वित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको न्यूनतम १५ (पन्ध्र) महिना अवधि भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गरी सम्झौता गर्न यस कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

भवदीय,

(निरा ताल्चाभडेल)
निर्देशक